# टेक्सास वातावरणीय गुणस्तर आयोग

**आवेदन प्राप्त गरेको तथा अनुमति प्राप्त गर्ने उद्देश्यका एकीकृत सूचना र**
**आवेदन तथा प्रारम्भिक निर्णयसम्बन्धी सूचना**

DRAFT

कङ्क्रिट ब्याच प्लान्टहरूका लागि वायु गुणस्तर मानक अनुमति प्रस्तावित दर्ता नम्बर 177266L001

**आवेदन।** Big Town Concrete LLC ले वायु गुणस्तर मानक अनुमति, दर्ता नम्बर 177266L001 का लागि टेक्सास वातावरणीय गुणस्तर आयोग (TCEQ) मा आवेदन दिएको छ। यो संस्थाले निम्न ड्राइभिङ दिशाहरूमा भएका अस्थायी कङ्क्रिट ब्याच प्लान्टको निर्माणलाई स्वीकृति दिने छ: State Highway 114 र Blue Mound Road को चौबाटोबाट लगभग 2.05 माइल दक्षिणपश्चिममा यात्रा गर्नुहोस् र भवनको प्रवेशद्वार तपाईंको बायाँतर्फ हुने छ, Haslet, Denton County, Texas 76052। 30 टेक्सास प्रशासनिक संहिता, अध्याय 101, उप-अध्याय J. **AVISO DE IDIOMA ALTERNATIVO** मा आयोगका नियमहरूले अनुमति दिएअनुसार यो आवेदनमा द्रुत रूपमा कारवाही हुँदैछ। El aviso de idioma alternativo en espanol está disponible en https://www.tceq.texas.gov/permitting/air/newsourcereview/airpermits-pendingpermit-apps. साइट वा भवनको सामान्य स्थानको इलेक्ट्रोनिक नक्साको यो लिंक आवेदन वा सूचनाको हिस्सा नभएर यसलाई सार्वजनिक शिष्टाचारको रूपमा प्रदान गरिएको छ। सही स्थानका लागि आवेदन हेर्नुहोस्। https://gisweb.tceq.texas.gov/LocationMapper/?marker=-97.335937,33.009858&level=13. प्रस्तावित भवनले देहायका वायु प्रदूषकहरू उत्सर्जन गर्ने छ: कार्बन मोनोअक्साइड, नाइट्रोजन अक्साइड, जैविक यौगिकहरू, एग्रिगेट, सिमेन्ट, सडकको धुलो र 10 माइक्रोन वा सो भन्दा कम र 2.5 माइक्रोन वा भन्दा कम व्यासको कण र सल्फर डाइअक्साइडलगायत (तर यतिमा सीमित छैन) का कणहरू।

यो आवेदन अगस्ट 16, 2024 मा TCEQ मा पेस गरिएको थियो। कार्यकारी निर्देशकले आवेदनको प्रशासनिक तथा प्राविधिक समीक्षाहरू पूरा गर्नुभएको छ र आवेदनले 30 TAC § 116.611 ले स्वीकृत गरेको मानक अनुमतिका सबै आवश्यकताहरू पूरा गर्छ भनी निर्धारण गर्नुभएको छ। तिनले प्लान्ट सञ्चालन गर्नु पर्ने अवस्थाहरू स्थापित गर्ने छ। कार्यकारी निर्देशकले दर्ता जारी गर्ने प्रारम्भिक निर्णय गर्नुभएको छ किनभने यसले लागुहुने सबै नियमहरू पूरा गर्दछ। सो आवेदन, कार्यकारी निर्देशकको प्रारम्भिक निर्णय, र मानक अनुमति यस सूचनाको प्रकाशनको पहिलो दिनदेखि TCEQ केन्द्रीय कार्यालय, TCEQ Dallas/Fort Worth क्षेत्रीय कार्यालय, र Mary Emma Tate Community Library, 408 Pafford Street, Justin, Denton County, Texas, 76247 मा हेर्न र प्रतिलिपि लिन उपलब्ध हुने छ। सो भवनको अनुपालन फाइल, कुनै छ भने, सार्वजनिक समीक्षाको लागि TCEQ Dallas/Fort Worth क्षेत्रीय कार्यालय, 2309 Gravel Drive, Fort Worth, Texas मा उपलब्ध छ। मानक अनुमतिको समीक्षा गर्न www.tceq.texas.gov/goto/cbp मा जानुहोस्।

**सार्वजनिक टिप्पणी/सार्वजनिक बैठक। तपाईं सार्वजनिक टिप्पणीहरू पेस गर्न सक्नुहुन्छ वा सार्वजनिक बैठक अनुरोध गर्न सक्नुहुन्छ।** सम्पर्क खण्ड हेर्नुहोस्। TCEQ ले आवेदनसम्बन्धी अन्तिम निर्णय लिनमा सबै सार्वजनिक टिप्पणीहरूमाथि सोचविचार गर्ने छ। **सार्वजनिक टिप्पणी वा बैठक अनुरोधहरू पेस गर्ने अन्तिम मिति अखबारको सूचना प्रकाशित भएको 30 दिन पछि हो।** सम्पत्तिको मूल्य, हल्ला, ट्राफिक सुरक्षा र जोनिङ जस्ता मुद्दाहरू अनुमति प्रक्रियामा विचार गर्ने कुरा TCEQ को अधिकार क्षेत्र बाहिर छन्।

कुनै पनि सार्वजनिक बैठकको उद्देश्य टिप्पणी पेस गर्ने वा आवेदनको बारेमा प्रश्नहरू सोध्ने अवसर प्रदान गर्नु हो। कार्यकारी निर्देशकले आवेदनमा महत्त्वपूर्ण सार्वजनिक चासोको विषय छ भनी निर्धारण गर्नुहुन्छ वा स्थानीय सांसदले अनुरोध गर्नुहुन्छ भने आवेदनका बारेमा सार्वजनिक बैठक बस्ने छ। सार्वजनिक बैठक कुनै विवादित मुद्दा सुनुवाइ होइन। कुनै सार्वजनिक बैठक बस्छ भने सार्वजनिक टिप्पणी पेस गर्ने अन्तिम मिति सार्वजनिक बैठकको अन्त्यसम्म लगिन्छ।

**विवादित मुद्दाको सुनुवाइ। तपाईंले विवादित मुद्दाको सुनुवाइ गर्न अनुरोध गर्न सक्नुहुन्छ।** विवादित मुद्दाको सुनुवाइ स्टेटको डिस्ट्रिट कोर्टमा

नागरिक मुद्दाको सुनुवाइ (फौजदारी मुद्दा) जस्तै कानुनी प्रक्रिया हो। **यस सूचनाको 30 दिनभित्र विवादित मुद्दाको सुनुवाइका लागि लिखित अनुरोध दायर नगरेसम्म कार्यकारी निर्देशकले निवेदन स्वीकृत गर्न सक्नु हुने छ।**

**भवनबाट निस्किने वायु प्रदूषकहरूबाट प्रभावित हुन सक्ने व्यक्तिले सुनुवाइको माग गर्ने अधिकार राख्छ। सुनुवाइ अनुरोध गर्ने व्यक्ति वास्तवमै प्रस्तावित प्लान्टको 440 गजभित्र स्थायी निवासमा बस्नु पर्छ। विवादित मुद्दाको सुनुवाइ अनुरोध गर्दै हुनुहुन्छ भने तपाईंले देहायका कुराहरू अनिवार्य रूपमा पेस गर्नु पर्छ: (1) तपाईंको नाम (वा समूह वा संस्थाको लागि, आधिकारिक प्रतिनिधि), पत्राचार गर्ने ठेगाना, दिनको समयको फोन नम्बर;** (2) **आवेदकको नाम र दर्ता नम्बर;** (3) **बयान "[म/हामी] विवादित मुद्दाको सुनुवाइ अनुरोध गर्छु/छौं;"** (4) **सर्वसाधारणभन्दा फरक तरिकाले तपाईंलाई उक्त आवेदन र यसबाट उत्पन्न वायु उत्सर्जनबाट कसरी असर गर्ने छ भन्ने विशेष विवरण; (5) भवनको सन्दर्भमा तपाईं बस्ने ठाउँको स्थान र दूरी;** (6) **भवनबाट प्रभावित हुन सक्ने सम्पत्तिको प्रयोग गर्ने तरिकाको विवरण; र (7) तपाईंले टिप्पणी अवधिमा पेस गर्नुभएको तथ्यका सबै विवादित मुद्दाहरूको सूची। उक्त अनुरोध कुनै समूह वा संस्थाले गरेको हो भने सुनुवाइको माग गर्ने अधिकार भएका एक वा सोभन्दा बढी सदस्यहरूको नाम र भौतिक ठेगाना पहिचान गर्नु पर्छ। उक्त समूह वा संस्थाले संरक्षण गर्न खोजेका चासोहरू पहिचान गरिनु पर्छ। तपाईंले आफ्नो प्रस्तावित संसोधनहरू आवेदनमा प्रस्तुत गर्न सक्नुहुन्छ जसले तपाईंका चासोहरू पूरा गर्नेछ।** सम्पर्क खण्ड हेर्नुहोस्।

**TCEQ को कार्य। सार्वजनिक टिप्पणीहरू गर्ने अन्तिम मिति सकिएपछि कार्यकारी निर्देशकले प्राप्त टिप्पणीहरूमा विचार गर्ने छ र सबै सन्दर्भ र सामग्री वा महत्त्वपूर्ण सार्वजनिक टिप्पणीहरूका बारेमा प्रतिक्रिया तयार गर्ने छ। आवेदनका बारेमा कार्यकारी निर्देशकले दिएका निर्णय र टिप्पणीहरूमा दिएका सबै प्रतिक्रियाहरू पत्राचार गर्ने सूचीमा रहेका सबै व्यक्तिहरूलाई मेल गरिने छ।** विवादित मुद्दाको समयमै सुनुवाइ नभएका कुनै अनुरोधहरू प्राप्त भएनन् भने वा सुनुवाइसम्बन्धी सबै अनुरोधहरू फिर्ता लिइएका खण्डमा कार्यकारी निर्देशकले आवेदनको अन्तिम स्वीकृति जारी गर्न सक्छ। समयमै सुनुवाइ गर्ने सबै अनुरोधहरू फिर्ता नलिइएका खण्डमा कार्यकारी निर्देशकले अनुमतिको अन्तिम स्वीकृति जारी गर्दैन र आवेदन तथा अनुरोधहरूलाई विचार गर्ने प्रयोजनका लागि आयोगको बैठकमा आयुक्तहरूलाई पठाउने छ। आयोगले पछि फिर्ता नगरिएका आफ्नो समयमा नै गरिएको टिप्पणीमा अनुरोधकर्ताले पेस गरेका मुद्दाहरूमध्ये विवादित मुद्दा मात्र सुनुवाइका लागि अनुरोध गर्न सक्छन्। **सुनुवाइ नगरिएको खण्डमा भने सुनुवाइको विषय तथ्यका विवादित मुद्दाहरूमा वा टिप्पणी गर्ने अवधिमा पेस गरिएका सान्दर्भिक र भौतिक वायु गुणस्तरका सरोकारहरूसँग सम्बन्धित तथ्य तथा कानुनको मिश्रित प्रश्नहरूमा सीमित हुने छ।** सम्पत्तिको मूल्य, हल्ला, ट्राफिक सुरक्षा र जोनिङ जस्ता मुद्दाहरू यस कारबाहीमा सम्बोधन गर्न आयोगको अधिकार क्षेत्र बाहिर छन्।

**पत्राचार गर्ने सूची।** तपाईंले यस विशेष आवेदन बारेमा थप जानकारी प्राप्त गर्न पत्राचार सूचीमा समावेश हुन अनुरोध गर्न सक्नुहुन्छ। सम्पर्क खण्ड हेर्नुहोस्।

**जानकारी अनलाइन उपलब्ध छ।** आवेदनको स्थिति बारे विवरणहरूका लागि www.tceq.texas.gov/goto/cid मा आयुक्तहरूको एकीकृत डाटाबेस (CID) मा जानुहोस्। तपाईंले सो लिङ्क प्रयोग गरेर CID मा पहुँच गरिसकेपछि यस सूचनाको माथि दर्ता नम्बर हाल्नुहोस्।

**सम्पर्कहरू।** तपाईंले सार्वजनिक रूपमा टिप्पणी र अनुरोधहरू गर्न अनिवार्य रूपमा इलेक्ट्रोनिक रूपमा www14.tceq.texas.gov/epic/eComment/ मा वा Texas Commission on Environmental Quality, Office of the Chief Clerk, MC-105, P.O. Box 13087, Austin, Texas 78711-3087 मा लिखित रूपमा पत्र पेस गर्नु पर्छ। कृपया तपाईंले प्रदान गर्नुभएका तपाईंको नाम, फोन नम्बर, इमेल ठेगाना र भौतिक ठेगानालगायतका सबै सम्पर्क जानकारी एजेन्सीको सार्वजनिक रेकर्डको अंश बन्ने छ भन्ने कुरा ध्यान दिनुहोस्। यस आवेदन दिने वा अनुमति लिने प्रक्रियाका बारेमा थप जानकारी लिन कृपया TCEQ Public Education Program (TCEQ सार्वजनिक शिक्षा कार्यक्रम) को टोल फ्री 1-800-687-4040 मा कल गर्नुहोस् वा तिनको कार्यालयहरूको वेबसाइट www.tceq.texas.gov/goto/pep मा जानुहोस्। Si desea información en Español, puede llamar al 1-800-687-4040

थप जानकारी Big Town Concrete LLC, 1425 Greenway Drive Suite 350, Irving, Texas 75038-2553 बाट वा (214) 778-3674 मा सुरक्षा वातावरणीय अनुपालन प्रबन्धक श्री Matthew Martin लाई फोन गरेर पनि प्राप्त गर्न सकिन्छ।

सूचना जारी मिति: अगस्ट 30, 2024